# <u>प्रेस विज्ञप्ति</u>

हामी नेपाली विद्यार्थीहरू मित्रराष्ट्र चीन सरकारको छात्रवृत्ति र आफ्नै लगानीमा दुवै मुलुकले निर्धारण गरेको मापदण्डअनुसार चीनका विभिन्न विश्वविद्यालयहरूमा MBBS को सैद्धान्तिक (Theoretical) विषयहरूको अध्ययन गरेको व्यहोरा निवेदन गर्दछौं। तर, कोभिड-१९ महामारीबाट विश्व नै आक्रान्त भएको बेलामा यसको चौतर्फी प्रभाव देखापरेको जटिल अवस्थामा हामी चीनमा अध्ययन गर्ने सम्पूर्ण नेपाली विद्यार्थीहरू सैद्धान्तिक अध्ययन समाप्त गरी प्रयोगात्मक अध्ययन गर्ने तरखरमा लागी रहेको अवस्थमा कोभिड-१९ महामारीको कारणले आफ्नो मुलुक फर्कन वाध्य हुनु परेको अवस्था रहेको छ। कोभिड-१९ को प्रभाव बढ्दै जाँदा हामीहरू चीनको विभिन्न विश्वविद्यालय जहाँ सैद्धान्तिक विषयको अध्ययन गरेका थियौं, उक्त ठाउँमा गई Internship गर्नुपर्ने अवस्था विद्यमान थियो चीन सरकारले कोभिडको कारण देखाएर चीन जाने अनुमती नदिएको कारणले हामी नेपाली विद्यार्थीहरूलाई Internship गर्ने अवसर न त चीन सरकारले दियो न त नेपाल सरकारले नै। त्यसैले हाम्रो अध्ययन अधुरो रह्यो र हाम्रो भविष्य अनयौलग्रस्त बन्यो। केही नेपाली विद्यार्थीहरूको अनुरोधमा २०७८ अषाढ २३ गते चिकित्सा शिक्षा आयोग र मेडिकल काउन्सीलले April 2020 सम्म अन्तिम परिक्षा सकिसकेका विद्यार्थीहरूको हकमा Internship गर्न दिने व्यवस्था मिलाइएको निर्णयको जानकारी प्राप्त हुँदा हामी अधिकांश विद्यार्थीहरू जो २०२० May देखि २०२१ July सम्म MBBS को सम्पूर्ण पठन पाठन सकिसकेको एव उक्त निर्णमा नसमेटिएको र Internship गर्ने अवशरबाट बंचित भएको हुँदा हामी विद्यार्थीहरूको हाम्रो भविष्य के हुने हो भन्नेमा अत्यन्त चिन्तित तथा सम्वेदनशील बनेका छौं र स्वाभिक पनि हो। यतिमात्र नभई मिति २०७८।०६।०६ गते शिक्षा मान्त्रालयको समन्वय र निर्देशमा नेपाल चिकित्सा आयोग र नेपाल मेडिकल काउन्सीलको निर्णयानुसार २०१५ मा चीनमा गई अध्ययन गरेका अर्थात MBBS का २०१५ का व्याचलाई नेपालमै Internship गर्न अवसर प्रदान गर्ने निर्णयले पनि आम नेपाली विद्यार्थीहरू जसले सैद्धान्तिक अध्ययन पुरा गरेका छन् तिनको हकमा पनि यसले समेट्न सकेन र भाषा र कोर्स भनी २०१५ को व्याचलाई काइते भाषामा २०१६ परिभाषित गरी हाम्रो भविष्यमाथि खेलवाड गरेको र फेरि पनि आम विद्यार्थीहरू Internship गर्ने अवसरबाट वंचित भएका छौं। नेपाल मेडिकल काउन्सिलको प्रतिवेदन बमोजिम हामीले साढे दुई (२.५) बर्ष बाँकी अवधि पुरा गर्नुपर्नेछ जसमा पढाइ र इन्टर्नसिप हुनेछ। यसै दौरान NMC ले चिनिया विश्वविद्यालयबाट क्रेडिट ट्रान्सफर गरेर यहाँ अध्ययन सुरु गर्न सकिन्छ भन्ने कुरा यस विषयलाई अझै जटिल पार्ने कदम हो भन्ने हाम्रो ठहर छ। क्रेडिट ट्रान्सफर गर्ने विषय असम्भव नै देखिन्छ।

यस सम्बन्धमा समय समयमा नेपाल मेडिकल काउन्सिल, चिकित्सा शिक्षा आयोग, शिक्षा मन्त्रालय, सम्मानननीय प्रधानमन्त्री ज्यू, सम्मानननीय राष्ट्रपतिज्यूसँग भेटघाट गरी आफ्ना समस्या राख्यौं, सकारात्मक आशवासन पनि पाइरहयौं, तर कार्यनव्यन हुन भने सकेको छैन। सम्मानीय प्रधानमन्त्री ज्यूले भेटघाटको क्रममा हामीसँग भन्नु भएको थियो कि शिक्षामन्त्री र स्वास्थ्य मन्त्री नियुक्त भएपछि तपाईंहरूको समस्याको समाधान हुन्छ। तर माननीय शिक्षामन्त्री र स्वास्थ्य मन्त्रीज्यू नियुक्त भइसकेको वर्तमान परिस्थितीमा हामी विद्यार्थीहरूको मागको उचित सम्बोधन यथाशिघ्र हुनेछ भन्नेमा हामी सम्पूर्ण MBBS अध्ययनरत विद्यार्थीहरू आशावादी थियो तर अहिलेसम्म हाम्रो मागलाई नजरअन्दाज गर्दै आइरहेको हामीले महसुस गरेकाछौं।

सरोकारवाला निकाय नेपाल सरकार चिकित्सा शिक्षा आयोग र नेपाल मेडिकल काउन्सिलले हामीलाई आन्दोलनमा जान बाध्य पारिरहेको अवस्था उत्पन्न भएको छ र हामी विद्यार्थीहरूका लाग अव आन्दोलनको विकल्प पनि छैन। यस आन्दोलनबाट उत्पन्न हुने सबैखाले असहज परिस्थितिको जिम्मेवार स्वयं नेपाल सरकार, चिकित्सा शिक्षा आयोग र नेपाल मेडिकल काउन्सिल हुने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराउँदछौं।

चीनमा MBBS अध्ययन गर्ने २०१५ र २०१६ का सम्पूर्ण विद्यार्थी।

मितिः २०७८।०८।१५ गते विहान ११:०० बजे